**प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४**

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।७।१९

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "जनशक्ति" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकायमा काजमा, करारमा वा ज्यालादारीमा कार्यरत कर्मचारीलाई समेत जनाउँछ ।

(ग) "जिल्ला जनशक्ति व्यवस्थापन समिति" भन्नाले दफा १८ बमोजिमको जिल्ला जनशक्ति व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट निर्वाचित भएको सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ङ) "निर्वाचन अधिकारी" भन्नाले क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ बमोजिम नियुक्त

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(छ) “निर्वाचन कार्यालय” भन्नाले क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ज) “निर्वाचन सम्पन्न भएको मिति” भन्नाले समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना कार्य सम्पन्न भएको अन्तिम मिति सम्झनु पर्छ ।

(झ) “निर्वाचन क्षेत्र” भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ बमोजिम निर्धारण भएको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(ञ) “मतदान अधिकृत” भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ट) “विशेष परिस्थिति” भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४५ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४५ को उपदफा (१) बमोजिम मतदान स्थगित गर्नु पर्ने अवस्था सम्झनु पर्छ ।

(ठ) “सहायक कर्मचारी” भन्नाले मतदान केन्द्रमा खटाइने मतदान अधिकृत र सहायक मतदान अधिकृत बाहेक अन्य राजपत्र अनंकित वा सो सरहको कर्मचारी सम्झनु पर्छ ।

(ड) “सहयोगी कर्मचारी” भन्नाले मतदान केन्द्रमा खटाइने श्रेणी विहीन वा सो सरहको कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद-२
## जनशक्ति व्यवस्थापन

३. **कर्मचारी माग गर्न सक्ने** : (१) निर्वाचनको लागि आयोगमा मौजुदा जनशक्तिले मात्र कार्य सम्पादन गर्न नसकिने भएमा आयोगले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्था वा विश्वविद्यालय वा सामुदायिक विद्यालयबाट आवश्यक जनशक्ति माग गर्न सक्नेछ ।

(२) निर्वाचन कार्यालयको मौजुदा जनशक्तिबाट मात्र निर्वाचन सम्बन्धी काम सम्पन्न गर्न नसकिने भएमा निर्वाचन कार्यालयले जिल्लास्थित विभिन्न सरकारी निकायबाट दफा ८ बमोजिम आवश्यक जनशक्ति माग गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जनशक्ति माग भई आएमा सम्बन्धित निकायले आफ्नो कार्यालयमा रहेको त्यस्तो जनशक्ति तुरुन्त आयोग वा निर्वाचन कार्यालयमा काजमा खटाउनु पर्नेछ ।

४. **जनशक्तिको विवरण माग गर्ने** : (१) निर्वाचन कार्यालयले निर्वाचन प्रयोजनको लागि जिल्लास्थित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्था वा विश्वविद्यालय वा सामुदायिक विद्यालयमा कार्यरत जनशक्तिको विवरण माग गर्नु पर्नेछ । यसरी विवरण माग भए पछि सम्बन्धित सबै निकायले आफ्नो कार्यालयमा कार्यरत जनशक्तिको अद्यावधिक विवरण तयार गरी निर्वाचन कार्यालयलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जनशक्तिको विवरण उपलब्ध गराउँदा निर्वाचनमा खटाउन सकिने जनशक्तिको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा र निर्वाचनमा खटाउन नसकिने जनशक्तिको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरी उपलब्ध गराउनु पर्नेछ । यसरी सम्बन्धित निकायबाट जनशक्तिको विवरण प्राप्त भएपछि निर्वाचन कार्यालयले अनुसूची-१ र अनुसूची-२ बमोजिमको ढाँचामा एकमुष्ट विवरण तयार गरी जिल्ला जनशक्ति व्यवस्थापन समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन कार्यालयबाट जनशक्तिको विवरण प्राप्त भएपछि जिल्ला जनशक्ति व्यवस्थापन समितिले निर्वाचनको लागि आवश्यक पर्ने जनशक्तिको विवरण स्वीकृत गर्नु पर्नेछ । यसरी स्वीकृत जनशक्तिको विवरण प्रमुख जिल्ला अधिकारीले मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जनशक्ति विवरण प्राप्त भए पछि मुख्य निर्वाचन अधिकृतले प्रमुख जिल्ला अधिकारी, सम्बन्धित निर्वाचन अधिकृत र निर्वाचन अधिकारीसँग छलफल र बैठक गरी आवश्यक जनशक्ति खटाउनु पर्नेछ । यसरी जनशक्ति खटाएको विवरण बैठक पुस्तिकामा अभिलेख गरी निजहरु सबै जनाले प्रमाणित गरी सोको एक प्रति आयोगमा पठाउनु पर्नेछ । सुरक्षाको दृष्टिले अति संवेदनशील, संवेदनशील र उच्च जोखिम रहेका मतदान केन्द्रमा जनशक्ति खटाउँदा प्रमुख जिल्ला अधिकारीको राय परामर्श अनिवार्य रुपमा लिई कार्यान्वयन गर्नु पर्नेछ ।

५. **कर्मचारी जगेडामा राख्ने** : दफा ४ को उपदफा (४) बमोजिम जनशक्ति बाँडफाँट गर्दा जिल्लास्थित सबै निर्वाचन क्षेत्रका लागि आवश्यक पर्ने जनशक्तिभन्दा बढी जनशक्ति हुन आएमा त्यसरी बढी हुन आउने जनशक्तिलाई मुख्य निर्वाचन अधिकृतले जगेडाको रुपमा राख्नु पर्नेछ ।

६. **निर्वाचन अधिकृतको कार्यालयमा रहने जनशक्ति** : (१) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमको जनशक्ति रहनेछ :-

| क्र.सं. | जनशक्तिको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मुख्य निर्वाचन अधिकृत | एकजना |
| २. | सहायक निर्वाचन अधिकृत, (रा.प. द्वितीय श्रेणी - एकजना, रा.प.तृतीय श्रेणी - दुई जना) | तीनजना |
| ३. | अनुगमन अधिकृत, (रा.प.तृतीय श्रेणी), निर्वाचन आचार संहिता हेर्ने) | एकजना |
| ४. | लेखा अधिकृत वा लेखापाल | एकजना |
| ५. | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह तीनजना र | चारजना |

| | | |
|---|---|---|
| | रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह एकजना) | |
| ६. | कम्प्युटर अपरेटर | तीनजना |
| ७. | सवारी चालक | एकजना |
| ८. | सहयोगी कर्मचारी | तीनजना |
| ९. | सुरक्षा गार्ड (पि.एस.ओ.) | एकजना |

(२) निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका जनशक्ति रहनेछन् :-

| **क्र.सं.** | **जनशक्तिको विवरण** | **सङ्ख्या** |
|---|---|---|
| १. | निर्वाचन अधिकृत | एकजना |
| २. | सहायक निर्वाचन अधिकृत, (रा.प. तृतीय श्रेणी) | तीनजना |
| ३. | लेखा अधिकृत वा लेखापाल | एकजना |
| ४. | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह दुई जना, रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह एकजना) | तीनजना |
| ५. | कम्प्युटर अपरेटर | तीनजना |
| ६. | सवारी चालक | एकजना |
| ७. | सहयोगी कर्मचारी | तीनजना |
| ८. | सुरक्षा गार्ड (पि.एस.ओ.) | एकजना |

(३) निर्वाचन अधिकृतले उपदफा (१) वा (२) बमोजिमको जनशक्ति जिल्लास्थित सरकारी कार्यालयबाट काजमा ल्याउनु पर्नेछ ।

**७. निर्वाचन अधिकृतले थप जनशक्ति काजमा ल्याउन सक्ने** : (१) निर्वाचन सम्बन्धी कार्यबोझको आधारमा मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनदेखि बढीमा पाँच दिनका लागि देहायका जिल्लाका निर्वाचन अधिकृतले देहाय बमोजिमको थप जनशक्ति काजमा ल्याउन सक्नेछ :-

| क्र.सं | जिल्ला | सहायक कर्मचारी | सहयोगी कर्मचारी |
|---|---|---|---|
| १. | सोलुखुम्बु, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, खोटाङ, रसुवा, दोलखा, रामेछाप, मुस्ताङ, म्याग्दी, पर्वत, अर्घाखाँची, मनाङ, लमजुङ, गोरखा, रूकुम (पूर्वी भाग), रोल्पा, सल्यान, प्यूठान, रूकुम (पश्चिम भाग), जाजरकोट, हुम्ला, मुगु, जुम्ला, कालिकोट, डोल्पा, दार्चुला, बझाङ, बाजुरा, वैतडी डडेल्धुरा र डोटी । | दुईजना | एकजना |

| | | | |
|---|---|---|---|
| २. | इलाम, उदयपुर, सिन्धुली, मकवानपुर, काभ्रेपलाञ्चोक, भक्तपुर, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, तनहुँ, स्याङ्जा, बागलुङ, पाल्पा, गुल्मी, सुर्खेत, दैलेख र अछाम । | तीनजना | दुईजना |
| ३. | झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), काठमाडौं, ललितपुर, कास्की, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर । | पाँचजना | दुईजना |

(२) मतदान केन्द्र सम्बन्धी खर्च तथा मतदान केन्द्रमा खटिने मतदान अधिकृत लगायतका कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च भुक्तानी दिने कार्यलाई व्यवस्थित गर्न थप जनशक्ति आवश्यक भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि देहाय बमोजिमको सङ्ख्यामा लेखापाल वा सहलेखापाललाई काजमा ल्याउन सक्नेछ :-

(क) पचास वटासम्म मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा दुईजनासम्म,

(ख) एकाउन्न देखि एक सय वटासम्म मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा तीनजनासम्म,

(ग) एकसय एकभन्दा बढी जतिसुकै मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको लागि पाँचजनासम्म ।

(३) मतपत्र रुजु गर्ने, प्याकेजिङ्ग गर्ने तथा मतदान अधिकृतलाई मतपत्र बुझाउने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि देहाय बमोजिमका राजपत्र अनङ्कित वा सो सरहका कर्मचारी काजमा ल्याउन सक्नेछ :-

(क) दश हजारसम्म मतदाता भएका निर्वाचन क्षेत्रको लागि दुईजना,

(ख) दश हजार एकदेखि पच्चीस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि तीनजना,

(ग) पच्चीस हजार एकदेखि पचास हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि पाँचजना,

(घ) पचास हजार एकदेखि एक लाखसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि सातजना,

(ङ) एक लाखभन्दा बढी जतिसुकै मतदाता भएको निर्वाचन क्षेत्रको लागि नौजना ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको थप जनशक्ति काजमा ल्याउनु परेमा जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीबाट काजमा ल्याउनु पर्नेछ ।

८. **निर्वाचन कार्यालयको लागि थप जनशक्तिको व्यवस्था** : (१) निर्वाचन कार्यालयको मौजुदा जनशक्तिबाट निर्वाचन सम्बन्धी काम समयमा सम्पन्न गर्न नसकिने भएमा निर्वाचन कार्यालयले निर्वाचनको मिति घोषणा भएपछि बढीमा दुई महिनाको लागि गरी देहाय बमोजिमको आधार र संख्यामा जिल्लास्थित अन्य सरकारी कार्यालयबाट थप जनशक्ति काजमा झिकाई काममा लगाउन सक्नेछ :-

(क) एक सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी एकजना,

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी एकजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एक जना,

(ग) दुई सय एकदेखि तीन सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी दुईजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एकजना,

(घ) तीन सय एकदेखि चार सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीनजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुई जना,

(ङ) चार सय एकभन्दा बढी मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी चारजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुईजना ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन सामग्रीको चेकजाँच, रुजु प्याकिङ्ग, भण्डारण, बाँडफाँट तथा वितरण गर्ने प्रयोजनको लागि उपदफा (२) बमोजिमको थप जनशक्तिबाट समेत नपुग हुने देखिएमा निर्वाचन कार्यालयले बढीमा सात दिनको लागि देहाय बमोजिमको थप जनशक्ति जिल्लास्थित अन्य सरकारी कार्यालयबाट काजमा ल्याई कार्यसम्पादन गर्न सक्नेछ :-

(क) एक सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीनजना कर्मचारी र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुईजना,

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी चारजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुईजना,

(ग) दुई सय एकदेखि तीन सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी चारजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी तीनजना,

(घ) तीन सय एकदेखि चार सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी पाँचजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी तीनजना,

(ङ) चार सयभन्दा बढी मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी छजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी चारजना ।

(३) निर्वाचनलाई लक्षित गरी मतदाता शिक्षा तथा तालिम वा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नको लागि निर्वाचन कार्यालयले जिल्ला शिक्षा कार्यालयबाट एक जना अधिकृतस्तरको कर्मचारीलाई बढीमा दुई महिनाको लागि काजमा मगाउन सक्नेछ ।

(४) निर्वाचन अधिकारीले जिल्लाको समग्र मतगणना कार्यमा समन्वय र सहजीकरण गर्नेछ र निजले मतगणना कार्यको रिपोर्टिङ गर्न, कम्प्युटरमा मतगणनाको तथ्याङ्क प्रवृष्टि गर्न तथा मतगणना कार्यमा समन्वय एवं सहजीकरण गर्नको लागि मतगणना कार्यमा नखटिएका निर्वाचन कार्यालयका बढीमा दुईजना राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी र दुईजना श्रेणी विहिन वा सो सरहको कर्मचारी खटाउन सक्नेछ ।

९. **मतदान केन्द्रको लागि जनशक्ति खटाउने :** (१) निर्वाचन अधिकृतले प्रत्येक मतदान केन्द्रको लागि देहाय बमोजिमको जनशक्ति खटाउनु पर्नेछ :-

(क) २५० सम्म मतदाता भएको मतदान केन्द्रको लागि :

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एकजना |
| २. | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन समेत) | एकजना |
| ३. | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रुजु गर्नको लागि एकजना<br>(ख) मतदातालाई मतपत्र दिन दुईजना | तीनजना |
| ४. | सहयोगी कर्मचारी | दुईजना |
| ५. | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउन (महिला) एकजना<br>(ख) मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि | दुईजना |

| | | |
|---|---|---|
| | एकजना | |

(ख) २५१ देखि ५०० सम्म मतदाता भएको मतदान केन्द्रको लागि :

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एकजना |
| २. | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन समेत) | एकजना |
| ३. | सहायक कर्मचारीः<br>(क) मतदाता नामावली रुजु गर्नको लागि एकजना<br>(ख) मतदातालाई मतपत्र दिन दुईजना | तीनजना |
| ४. | सहयोगी कर्मचारी | दुईजना |
| ५. | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउने (महिला) एकजना<br>(ख) मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगका लागि दुईजना | तीनजना |

(ग) ५०१ भन्दा बढी मतदाता भएको मतदान केन्द्रको लागिः

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एकजना |
| २. | सहायक मतदान अधिकृत | एकजना |
| ३. | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रुजु गर्नको लागि एकजना<br>(ख) मतदातालाई मतपत्र दिन तीनजना | चारजना |
| ४. | सहयोगी कर्मचारी | दुईजना |
| ५. | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउने (महिला) एकजना<br>(ख) मतदाताको लाइन व्यवस्थापन तथा अन्य कार्यको लागि (महिला र पुरुष) दुईजना<br>(ग) सहयोगीको रुपमा काम गर्ने एकजना | चारजना |

(२) मतदान केन्द्रको लागि उपदफा (१) मा उल्लिखित सङ्ख्यामा सहयोगी कर्मचारी नपुगेमा त्यसरी नपुग हुन आउने सहयोगी कर्मचारीको सट्टामा मतदान अधिकृतले बढीमा तीन दिनका लागि स्वयंसेवक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) को क्र.सं. ५ मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि एक हजारभन्दा बढी मतदाता भएको मतदान केन्द्रमा मतदान अधिकृतले बढीमा तीन दिनको लागि थप एकजना स्वयंसेवक नियुक्त गर्न सक्नेछ ।

१०. **मतदान अधिकृत खटाउने सम्बन्धी व्यवस्था :** (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्र भित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षकलाई मतदान अधिकृतमा खटाउने,

(ख) मतदान अधिकृत खटाउँदा खण्ड (क) बमोजिम कर्मचारी वा शिक्षक खटाउन नसकिने भएमा सोभन्दा एक तहमुनिको कर्मचारी वा शिक्षकलाई मतदान अधिकृतमा खटाउने,

(ग) खण्ड (क) वा (ख) बमोजिम मतदान अधिकृत खटाउँदा कर्मचारीको हकमा निजको घर ठेगानामा रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउने,

(घ) गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षकलाई सहायक मतदान अधिकृतमा खटाउने,

(ङ) खण्ड (घ) बमोजिम सहायक मतदान अधिकृत खटाउँदा कर्मचारी वा शिक्षक नपुग भएमा सोभन्दा एक तहमुनिको कर्मचारी वा शिक्षकलाई खटाउने,

(च) खण्ड (घ) वा (ङ) बमोजिम सहायक मतदान अधिकृत खटाउँदा कर्मचारीको हकमा निजको घर ठेगानामा रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान अधिकृत खटाउँदा उपलब्ध भएसम्म सरकारी कर्मचारीलाई खटाउनु पर्नेछ ।

११. **मतदान केन्द्रमा कर्मचारी खटाउने :** (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा कर्मचारी खटाउँदा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) यथासम्भव महिला र पुरुष कर्मचारीको सङ्ख्या मिलाई समावेशी सिद्धान्तलाई समेत ध्यान दिई खटाउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी नपुग भएमा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई खटाउने,

(घ) विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षकलाई मतदान केन्द्रमा खटाउँदा त्यस्तो मतदान केन्द्रमा सरकारी कर्मचारी समेत समावेश गरी खटाउने,

(ङ) मतदान केन्द्रमा सहायक कर्मचारी खटाउँदा यथासम्भव मतदान अधिकृत भन्दा एक तह मुनिको कर्मचारीलाई खटाउने ।

(२) मतदानमा प्रभाव पार्न सक्ने गरी कसैले कुनै खास कर्मचारी वा शिक्षकलाई कुनै मतदान केन्द्रमा खटाउन माग गरेमा निर्वाचन अधिकृतले त्यस्तो कर्मचारी वा शिक्षकलाई सो मतदान केन्द्रमा खटाउनु हुँदैन ।

१२. **मतगणना टोली सम्बन्धी व्यवस्था** : (१) निर्वाचन अधिकृतले मतगणनाको लागि देहाय बमोजिमका कर्मचारी रहने गरी आवश्यक सङ्ख्यामा मतगणना टोली गठन गर्न सक्नेछ :-

| **क्र.सं.** | **कर्मचारीको विवरण** | **सङ्ख्या** |
|---|---|---|
| १. | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत ) | एकजना |
| २. | सहायक मतगणना अधिकारी (अधिकृतस्तर कर्मचारी ) | एकजना |
| ३. | मतगणना सहायक (रा.प. अनं प्रथम श्रेणी) | एकजना |
| ४. | गणक:<br>(क) कम्प्यूटर अपरेटर एकजना<br>(ख) सहायक कर्मचारी दुईजना | तीनजना |
| ५. | सहयोगी कर्मचारी | एकजना |

(२) उपदफा (१) बमोजिमको प्रत्येक मतगणना टोलीले प्रति सिफ्ट समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक हजार पाँच सय थान मतपत्र र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रति सिफ्ट कम्तीमा तीन हजार थान मतपत्र गणना गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृत प्रत्येक मतगणना टोलीमा प्रमुख मतगणना अधिकारीको रुपमा रहनेछ ।

(४) निर्वाचन अधिकृतले मतदान हुने दिनभन्दा अगावै निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय र जिल्लास्थित अन्य सरकारी कार्यालयका कर्मचारीहरुमध्येबाट मतगणनामा खटिने कर्मचारीको सूची तयार गरी सोको जानकारी सम्बन्धित सबै कर्मचारीलाई दिनु पर्नेछ ।

(५) निर्वाचन अधिकृतले उपदफा (४) बमोजिम मतगणनामा नखटिएका आफ्नो कार्यालयका बढीमा तीनजना सहायक र दुईजना सहयोगीस्तरका कर्मचारीलाई मतगणनाको व्यवस्थापकीय कार्यमा खटाउन सक्नेछ ।

(६) मुख्य निर्वाचन अधिकृतले दफा ६ को उपदफा (१) बमोजिमको अनुगमन अधिकृतलाई मतगणना कार्यको अनुगमन तथा समन्वय गर्ने कार्यमा खटाउनु सक्नेछ ।

१३. **सुरक्षाकर्मी सम्बन्धी व्यवस्था :** (१) निर्वाचन अधिकृतको कार्यालय र मतपत्र राखिएको ठाउँको सुरक्षाको लागि निर्वाचन अवधिभर बढीमा पाँच जना सुरक्षाकर्मी रहनेछन् ।

(२) निर्वाचन कार्यालयमा कार्यालय तथा निर्वाचन सामग्री राखिएको ठाउँको सुरक्षाको लागि बढीमा दश जना सुरक्षाकर्मी रहनेछन् ।

(३) मतदान कार्य सम्पन्न भएपछि मतपत्र रहेका मतपेटिका राख्ने स्थान र मतगणना स्थलको सुरक्षाको लागि मतदानको दिनदेखि मतगणना कार्य सम्पन्न नभएसम्म निर्वाचन अधिकृतको कार्यालयमा उपदफा (१) को अतिरिक्त बढीमा पन्ध्र जना थप सुरक्षाकर्मी रहनेछन् ।

१४. **जगेडाका कर्मचारी खटाउने** : (१) कुनै कर्मचारी बिरामी भई वा काबू बाहिरको परिस्थिति परी निर्वाचनमा खटिन वा निर्वाचनको काम गर्न असमर्थ भएमा वा अन्य कुनै कारणले निजलाई बदली गर्नुपर्ने भएमा निर्वाचन अधिकृतले मुख्य निर्वाचन अधिकृतसँग समन्वय गरी दफा ५ को बमोजिम जगेडामा राखिएका कर्मचारीमध्येबाट कुनै काममा खटाउन सक्नेछ ।

(२) कुनै मतदान केन्द्रमा पुनः मतदान गराउनु परेमा सोको मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारी खटाउँदा पहिले त्यस्तो मतदान केन्द्रमा नखटिएको कर्मचारीलाई खटाउनु पर्नेछ ।

१५. **नपुग जनशक्ति सम्बन्धी व्यवस्था**: (१) कुनै जिल्लामा मौजुदा जनशक्तिबाट निर्वाचन सम्बन्धी काम सम्पन्न गर्न नसकिने भएमा निर्वाचन कार्यालयले जिल्ला जनशक्ति व्यवस्थापन समितिको सिफारिस सहित आवश्यक थप जनशक्तिको लागि आयोगमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो जिल्लाको लागि आवश्यक पर्ने जनशक्ति नजिकको कुनै जिल्लामा रहेको जगेडा जनशक्तिबाट वा जगेडामा नरहेका अन्य जनशक्तिमध्येबाट खटाई पठाउन आयोगले सम्बन्धित जिल्ला जनशक्ति व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

## परिच्छेद-३

## व्यवस्थापन समिति

१६. **जनशक्ति व्यवस्थापन समिति** : (१) निर्वाचन प्रयोजनको लागि जनशक्ति व्यवस्थापन गर्न आयोगमा देहाय बमोजिमको एक जनशक्ति व्यवस्थापन समिति रहनेछ :-

(क) प्रमुख निर्वाचन आयुक्त, - संयोजक

(ख) सचिव - सदस्य

(ग) सहसचिव, प्रशासन महाशाखा - सदस्य

(घ) उपसचिव, प्रशासन शाखा - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले बैठकमा आयोगका अन्य पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता सुविधा पाउने छन् ।

(५) निर्वाचनमा जनशक्ति व्यवस्थापन सम्बन्धमा कुनै नीतिगत निर्णय गर्नुपर्ने भएमा त्यस्तो विषयमा आफ्नो राय सुझाव आयोग समक्ष पेश गर्नु उपदफा (१) बमोजिमको समितिको कर्तव्य हुनेछ ।

(६) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१७. <u>जनशक्ति व्यवस्थापन समन्वय समिति</u> :** (१) निर्वाचन प्रयोजनको लागि जनशक्ति व्यवस्थापन गर्न आयोगमा देहाय बमोजिमको एक जनशक्ति व्यवस्थापन समन्वय समिति रहनेछः-

(क) सचिव - संयोजक

(ख) सहसचिव, प्रशासन महाशाखा - सदस्य

(ग) उपसचिव, प्रशासन शाखा - सदस्य

(घ) उपसचिव, आर्थिक प्रशासन शाखा - सदस्य

(ङ) शाखा अधिकृत (कर्मचारी प्रशासन हेर्ने) - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले बैठकमा आयोगका पदाधिकारी तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता सुविधा पाउने छन् ।

(५) कुनै निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचनको लागि थप जनशक्तिको माग भएमा उपदफा (१) बमोजिमको समितिले त्यस्तो जनशक्तिको व्यवस्था मिलाउनेछ ।

(६) जनशक्ति व्यवस्थापन सम्बन्धी विषयमा कुनै समस्या आएमा उपदफा (१) बमोजिमको समितिले दफा १६ बमोजिमको जनशक्ति व्यवस्थापन समितिसमक्ष आफ्नो राय सुझाव पेश गर्नेछ ।

(७) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. <u>जिल्ला जनशक्ति व्यवस्थापन समिति</u> :** (१) निर्वाचनका लागि जिल्लास्तरमा जनशक्ति व्यवस्थापन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला जनशक्ति व्यवस्थापन समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक
(ख) जिल्ला शिक्षा अधिकारी - सदस्य
(ग) स्थानीय विकास अधिकारी - सदस्य
(घ) जिल्ला जनस्वास्थ्य कार्यालयको प्रमुख - सदस्य
(ङ) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख - सदस्य
(च) निर्वाचन अधिकारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिका संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका अतिरिक्त बढीमा तीनजना व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यलाई निर्वाचन कार्यालयले निर्वाचन अवधिभर बढीमा पाँच वटा बैठकको लागि प्रचलित कानून बमोजिम बैठक भत्ता सुविधा उपलब्ध गराउनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१९. **जनशक्ति व्यवस्थापन सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार** : यस निर्देशिकामा उल्लिखित भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त जनशक्ति व्यवस्थापन सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लास्थित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका प्रमुखलाई निर्वाचन सम्पन्न नहुन्जेल अत्यावश्यक कारण नपरी बिदामा नबस्न र त्यस्ता निकायका प्रमुखलाई निज कार्यरत निकायका कर्मचारीलाई अत्यावश्यक कारण नपरी बिदा स्वीकृत नगर्न निर्देशन दिने,

(ख) दफा ५ बमोजिम जगेडामा रहेका कर्मचारीलाई जुनसुकै अवस्थामा निर्वाचन कार्यमा खटाउन सकिने गरी तयारी अवस्थामा राख्न वा राख्न लगाउन सम्बन्धित कार्यालय प्रमुखलाई निर्देशन दिने।

## परिच्छेद-४

## विविध

२०. **नियुक्तिपत्र दिने** : (१) आयोगले निर्वाचनमा खटाइएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई प्रचलित कानून बमोजिम नियुक्तिपत्र दिनेछ।

(२) निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा खटाएका सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीलाई नियुक्तिपत्र दिनु पर्नेछ।

(३) निर्वाचन अधिकृतले आफू खटिएको निर्वाचन क्षेत्रभित्रका मतदान केन्द्रमा खटिएका मतदान अधिकृतलाई प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ को अनुसूची-९० बमोजिमको ढाँचामा नियुक्तिपत्र दिनु पर्नेछ ।

२१. **विभागीय कारबाही गर्न सक्ने :** निर्वाचनको लागि आफूलाई खटाइएको मतदान केन्द्रमा तोकिएको समयमा नपुग्ने, निर्वाचन सम्बन्धी काममा आफूलाई सुम्पिएको जिम्मेवारी पूरा नगर्ने, निर्वाचनको काममा हेल्चक्र्याँई गर्ने वा निर्वाचनको स्वच्छता, निष्पक्षता, स्वतन्त्रता एवं विश्वसनीयतामा प्रतिकूल आँच पुऱ्याउने कुनै कार्य गर्ने निर्वाचन अधिकृत वा अन्य कर्मचारीलाई आयोगले निर्वाचन सम्बन्धी कामको जिम्मेवारीबाट तत्काल मुक्त गर्न वा त्यस्तो जिम्मेवारीबाट मुक्त गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सक्नेछ ।

२२. **काज फिर्ता गर्नु पर्ने** : (१) दफा ६ को उपदफा (१) र (२) बमोजिम मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा काजमा खटिएका कर्मचारीलाई समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना सम्पन्न भएको मितिले बढीमा पन्ध्र दिनसम्म काजमा राख्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन सम्बन्धी कुनै खास कामको लागि निर्वाचन अधिकृतको कार्यालयमा काजमा ल्याइएका कर्मचारीलाई त्यस्तो काम सम्पन्न भएपछि निर्वाचन अधिकृतले निजलाई सम्बन्धित कार्यालयमा काज फिर्ता गरी दिनु पर्नेछ ।

२३. **निर्वाचनमा नखटाइने** : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिलाई निर्वाचनको काममा खटाइने छैन :-

(क) निजामती कर्मचारी, शिक्षक तथा अन्य सरकारी वा गैरसरकारी संघ संस्थासँग सम्बद्ध राष्ट्रियस्तरको ट्रेड यूनियनका केन्द्रीय कार्य समिति वा जिल्ला कार्य समितिका पदाधिकारी,

(ख) कुनै कर्मचारीको नजिकको नातेदार उम्मेदवार भएमा त्यस्तो कर्मचारीलाई सो निर्वाचन क्षेत्रमा,

(ग) गैर नेपाली नागरिक ।

(२) कार्यालयको सुरक्षार्थ खटिएका सुरक्षा गार्ड, पाले पहरा बस्ने कर्मचारी र स्वास्थ्य सेवा, विद्युत, टेलिफोन, बैंक, वारुणयन्त्र, खानेपानी जस्ता अत्यावश्यक सेवा प्रदान गर्ने निकायका कर्मचारीलाई त्यस्तो सेवाको लागि वैकल्पिक व्यवस्था नगरी निर्वाचन कार्यमा खटाउनु हुँदैन ।

२४. **प्रतिवेदन :** निर्वाचन कार्यालयले निर्वाचन प्रयोजनको लागि जनशक्ति व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारबाहीको प्रतिवेदन तयार गरी निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र आयोगमा पठाउनु पर्नेछ ।

२५. **खारेजी र बचाउ :** (१) आयोगबाट मिति २०७४।६।२३ मा स्वीकृत भएको “प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७४” खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचनमा खटाउन सकिने कर्मचारीको विवरण:

| सि.नं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम, थर | पद | लिङ्ग | कार्यरत कार्यालयको नाम र ठेगाना | स्थायी ठेगाना | उमेर | यस अघिका निर्वाचनमा खटिए / नखटिएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

. .................... .
तयार गर्ने कर्मचारी

.....................
निर्वाचन अधिकारी

## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचनमा खटाउन नसकिने कर्मचारीको विवरण

| सि.नं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम,थर | पद | लिङ्ग | कार्यरत कार्यालय नाम र ठेगाना | स्थायी ठेगाना | उमेर | निर्वाचनमा खटाउन नसकिने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

....................  ......................

तयार गर्ने कर्मचारी  निर्वाचन अधिकारी